# आकाशवाणी

31ST DECEMBER

आज केही घण्टामै 2025 हामीबाट विदा हुँदैछ। देशसँगै राज्यले पनि राति ठीक 12 बजे एकैसाथ नयाँ वर्षको स्वागत गर्नेछ। राज्यमा बित्दै गएको वर्षलाई विदाइ गर्न र नयाँ वर्षलाई स्वागत गर्न सबै तयारी पूरा भइसकेको छ। राजधानी गान्तोकसहित राज्यका अन्य सहरहरूमा रहेका होटल, रिसोर्टहरुमा मानिसहरु नयाँ वर्षको उत्सवका लागि पूर्ण रूपमा तयार छन्।

सिक्किम राज्यले पनि पुरानो वर्षलाई विदाइ गरी नयाँ वर्षलाई स्वागत गर्न तयार भएका छौँ। यस अवसरमा, सिक्किमले हालसम्म हासिल गरेका उपलब्धिहरूको समीक्षा गर्दै आगामी दिनमा सामना गर्नुपर्ने चुनौतीहरूमाथि पनि गम्भीर चिन्तन गर्नु आवश्यक देखिन्छ।

सिक्किमका  राज्यपाल ओम प्रकाश माथुरले नववर्ष 2026-को अवसरमा राज्यवासीलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। लोकभवन,सिक्किमबाट जारी गरिएको आफ्नो सन्देशमा राज्यपालले भन्नुभएको छ- "नववर्ष 2026-को शुभावसरमा म सिक्किमका सम्पूर्ण जनतालाई हार्दिक शुभकामना व्यक्त गर्दछु।" उहाले सिक्किमको विशिष्ट पहिचान यसको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र सामाजिक सद्भावमा निहित रहेको उल्लेख गर्दै नववर्षमा सबैले आफ्ना परम्परा र मूल्यलाई संरक्षण गर्दै विकासका नयाँ उचाइ हासिल गर्न संकल्प लिनुपर्ने कुरामा जोड दिनुभएको छ। उहाले यस वर्ष सिक्किमले भारतीय सङ्घमा समावेश भएको 50 वर्षको गौरवपूर्ण यात्रा पूरा गरेको स्मरण गराउँदै यी पाँच दशकमा राज्यले आफ्नो अद्वितीय सांस्कृतिक धरोहर, पर्यावरणीय चेतना र सामाजिक एकतालाई जोगाउँदै राष्ट्रको प्रगतिमा महत्वपूर्ण योगदान दिएको उल्लेख गर्नुभएको छ

## केन्द्रीय राज्यमन्त्री जर्ज कुरियन

भारत सरकारका अल्पसंख्यक मामिला, तथा दुग्ध विकाससम्बन्धी केन्द्रीय राज्यमन्त्री जर्ज कुरियनले सोरेङ जिल्लाको आधिकारिक भ्रमण गर्नुभएको छ। भ्रमणका क्रममा उहाँले जिल्लामा कार्यान्वयनमा रहेका विभिन्न विकास निर्माण कार्य तथा सरकारी योजनाहरूको प्रगति समीक्षा गर्नुभयो।

भ्रमणको सुरुआत च्याखुङस्थित स्वयं सहायता समूह मार्टबाट गरिएको थियो। त्यहाँ मन्त्री कुरियनले स्थानीय विक्रेताहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्नुभयो। ग्रामीण मार्ट पहललाई सशक्त बनाउन दिएको योगदानको कदरस्वरूप 'भविष्य भारत' तर्फबाट मन्त्री कुरियनलाई स्मृति चिन्ह प्रदान गरिएको थियो। यसै क्रममा मन्त्री कुरियनले सोरेङ जिल्ला प्रशासनसँग समीक्षा बैठकसमेत गर्नुभयो। बैठकमा जिल्लामा सञ्चालन भइरहेका विकास निर्माण कार्यहरू तथा विभिन्न सरकारी योजनाहरूको वर्तमान अवस्था, उपलब्धि र आगामी कार्ययोजनाबारे विस्तृत छलफल गरिएको थियो।

## नामप्रिकडाङ नामसुङ festival

उत्तर सिक्किमको अप्पर जङ्गु स्थित नामप्रिकडाङ मैदानमा गत 27 डिसेम्बरदेखि सुरु भएको उनचास-औँ नामप्रिकडाङ नामसुङ festival-को आज पाँचौँ तथा अन्तिम दिन विविध सांस्कृतिक कार्यक्रमसहित सम्पन्न भएको छ।

महोत्सवको समापन कार्यक्रममा क्षेत्र विधायक तथा मन्त्री, साथै आयोजन समितिका प्रमुख संरक्षक पिन्सो नामग्याल लेप्चा प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि मन्त्री पिन्छो नामग्याल लेप्चाले नामसुङ महोत्सवको अवसरमा सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दै भव्य रूपमा कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेकोमा आयोजना समितिको प्रशंसा गर्नुभयो। उहाँले मुख्यमन्त्री प्रेमसिंह तामाङको सक्षम नेतृत्वमा उक्त क्षेत्रमा सञ्चालन भइरहेका विभिन्न विकास निर्माण कार्यहरूबारे पनि उल्लेख गर्नुभयो।

RARI

भारत सरकारको आयुष मन्त्रालयअन्तर्गत केन्द्रीय आयुर्वेदिक विज्ञान अनुसन्धान परिषद् (CCRAS) अन्तर्गतको क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान (RARI), तादोङ, गान्तोकले आज हिन्दी ई–म्यागजिन ,'टिस्टा' को पहिलो अङ्क तथा हिन्दी भित्ते पत्रिका 'कञ्चनजङ्घा' को उद्घाटन एवं विमोचन कार्यक्रम सफलतापूर्वक आयोजना गरेको छ। यस अवसरमा विमोचित 'कञ्चनजङ्घा' भित्ते पत्रिकामा संस्थानका अधिकारी तथा कर्मचारीहरूको सृजनात्मक र शैक्षिक योगदान समेटिएको छ।स कार्यक्रमको स्वागत मन्तव्यमा सहायक निर्देशक (कार्यवाहक) अचिन्तो मित्रले संस्थानले राजभाषा हिन्दीको प्रवर्द्धन तथा प्रभावकारी कार्यान्वयनका लागि गर्दै आएको पहल र निरन्तर प्रयासबारे प्रकाश पार्नुभयो।

उक्त कार्यक्रममा प्रशासनिक तथा शैक्षिक गतिविधिहरूमा राजभाषा हिन्दीको प्रयोग प्रवर्द्धनप्रति RARI, गान्तोकको प्रतिबद्धता पुनः पुष्टि गरिएको छ। यो प्रतिबद्धता भारत सरकार तथा CCRAS मुख्यालयका निर्देशनअनुसार रहेको जनाइएको छ।

आकाशवाणी गान्तोकबाट सुन्दैहुनुहुन्थ्यो समाचार पुरा भयो।  अब यसलाई 6-45-मा लेप्चा भाषामा पनि सुन्नुहोस्

यसका साथै, हाम्रा आकाशवाणी गान्तोकका सम्पुर्ण स्रोता वर्गमा नव वर्ष 2026-को हार्दिक शुभकामना